# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको

# १८औं वार्षिक साधारण सभा बस्ने बारे सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७२/०३/०८)**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७२/०३/०६ गते बसेको ३११औं बैठकको निर्णय अनुसार कम्पनीको १८औं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा हुने हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थिति तथा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : **२०७२ साल आषाढ ३१ गते, विहीबार (तदनुसार जुलाई १६, २०१५)**

समय : **दिउसो ३:00 बजे ।**

स्थान : **कुमारी पार्टी प्यालेस, गाबहाल, ललितपुर ।** (सनराईज बैंकको माथि)

**छलफलका विषयहरूः**

**(क) सामान्य प्रस्तावहरूः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७०/०७१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१/०७२ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा। (हालका लेखापरीक्षक श्री टि.पी. अधिकारी एण्ड एशोशियट्सको तिन वर्ष कार्यकाल सकिएकोले आ.व. २०७१/०७२ को लागि निजले लेखापरीक्षण गर्न कानुनत नमिल्ने व्यहोरा अनुरोध छ।
४. संस्थापक समुह "क" तर्फका ३ (तीन) जना संचालकहरूको निर्वाचन गर्ने।
५. विविध।

**(ख) विशेष प्रस्तावहरूः**

१. अध्यक्ष, संचालक तथा कार्यकारी प्रमुखको नियुक्ती तथा कार्यकाल सम्बन्धमा नियमावली संशोधन गर्ने।
२. प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरूप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने।
३. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (**Acquisition**) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (**Due Diligence Audit**) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरू नियुक्त गर्ने, निजहरूको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (**Memorandum of Understanding**) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने। (विगत साधारण सभाको निरन्तरताका लागि)।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

१. यस वित्तीय संस्थाको १८औं वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयर दाखिल खारेजको काम मिति २०७२/०३/२३ देखि मिति २०७२/०३/३१ गतेसम्म बन्द रहनेछ।
२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनीले वार्षिक प्रतिवेदनका साथ प्रवेशपत्र शेयर प्रमाण-पत्र जस्तै नागरिकताको प्रतिलिपि, चालक अनुमतिपत्र वा परिचय पत्र अनिवार्य रूपले साथमा लिई आउनु हुन अनुरोध छ।
३. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा शुरू हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पाको न्यूरोड, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु पर्नेछ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भएमा प्रोक्सी दिएको भए तापनि स्वतः बदर हुनेछ।
५. प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसँग राखी आफु समेत सभामा उपस्थित हुने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन। सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई मात्र प्रतिनिधि मुकरर गर्नु पर्दछ। साथै प्रतिनिधि (प्रोक्सी) दर्ता गरी सकेपछि सो लाई बदर गरी अर्को प्रतिनिधि पत्र (प्रोक्सी) दिन चाहनेले सो को जानकारी ४८ घण्टा अगावै दिई सक्नुपर्नेछ।
६. नावालक वा विभिन्न शेयरधनीहरूको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न पाउने छ।
७. एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकरर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकरर गरेमा जुन पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।
८. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा मनोनीत व्यक्तिले ल्याउने प्रोक्सी फारममा संस्थाको छाप, अधिकृत व्यक्तिको दस्तखत हुनुपर्नेछ।
९. साधारण सभाको काम कारवाही कम्पनी ऐन २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजीम हुनेछ।
१०. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका दिउँसो १:०० बजेदेखि खुल्ला रहनेछ।
११. छलफलको विषय मध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा शुरू हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन।
१२. शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासाहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।
१३. शेयरधनी महानुभावहरूको जानकारीको लागि वित्तीय संस्थाको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेवसाइट **www.pfltd.com.np** मार्फत उपलब्ध गराइनेछ।
१४. साधारणसभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र वित्तीय संस्थाको केन्द्रिय कार्यालय, पाको न्यूरोड, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।
१५. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरूले साधारण सभासँग सम्बन्धित कागजातहरू बाहेक यथासक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ।
१६. संस्थापक समुह "क" तर्फका ३ जना संचालकहरूको निर्वाचन सम्बन्धी निर्वाचन कार्यक्रम केन्द्रीय कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ। निर्वाचन सम्बन्धी काम कार्यवाही गर्नका लागि निर्वाचन अधिकृत नियुक्त गरी सोही बमोजिम हुनेछ।

# शेयर दाखिला खारेज कार्य बन्द रहने सम्बन्धी सूचना

**यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७२/०३/०६ गते बसेको ३११औं बैठकको निर्णयानुसार १८औं वार्षिक साधारण सभा तथा ४:३ हकप्रद शेयर निष्कासन प्रयोजनको लागि शेयर दाखिला खारेजको काम मिति २०७२/०३/२३ गते देखि २०७२/०३/३१ गते सम्म बन्द रहने व्यहोरा समस्त शेयरधनी महानुभावहरूमा जानकारीको लागि अनुरोध छ।**

Progressive
Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

Pako Newroad, GPO Box No., 10390. Kathmandu
Tel : 4246402, 4241244, 4254929
Fax : 977-1-4246403
Email: info@pfltd.com.np